# अर्थ बुलेटिन

वर्ष ६ अंक ११ जेठ, २०८२

## नेपाल सरकार
## अर्थ मन्त्रालय



### सम्पादकीय

- आर्थिक वर्ष २०८१/८२ को जेठसम्म संघीय सरकारको राजस्व परिचालन तथा कुल खर्च क्रमशः १०.८ प्रतिशत ८.८ प्रतिशतले वृद्धि भएको छ। वैदेशिक सहायता प्रतिवद्धता उल्लेख्य वृद्धि भएको छ। करको दायरा विस्तार भएको छ।
- वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति २.७२ प्रतिशत रहेको छ।
- बीमाको दायरा आएको जनसङ्ख्यामा वृद्धि भएसँगै बीमाशुल्क सङ्कलन पनि बढेको छ।
- वस्तु निर्यात उल्लेख्य वृद्धि भएको छ। कुल वस्तु आयात १३.६ प्रतिशतले वृद्धि भएको छ।
- वैदेशिक रोजगारमा नयाँ श्रम स्वीकृति लिई जाने तथा पुनः श्रमस्वीकृती लिने कामदारको सङ्ख्या समेत गत वर्षको तुलनामा वृद्धि भएको छ। साथै, विप्रेषण आप्रवाहमा १५.५ प्रतिशतले वृद्धि भएको छ। पर्यटक आगमनमा सिमान्त दरले कमी आएको छ भने भ्रमणआयमा वृद्धि भएको छ।
- विदेशी मुद्रा सञ्चिति बढेको छ। चालु खाता र शोधनान्तर स्थिति दुवै बचतमा छन्।
- अर्थतन्त्रका आन्तरिक र बाह्य सूचक सबल र सुदृढ भएका छन्। आर्थिक सबलीकरणलाई दिगो बनाउन राजस्व सङ्कलन अभिवृद्धि गर्ने, ऋण रकमलाई उत्पादनमूलक तथा प्रतिफलमूलक क्षेत्रमा उपयोग गर्ने, निर्यात विविधिकरण गर्ने लगायतका कार्य गर्नु आवश्यक देखिन्छ।


**प्रकाशन तथा सम्पादन**
आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं

## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. कुल खर्चमा वृद्धि भएको छ। आर्थिक वर्ष २०८१/८२ को जेठसम्म संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको कुल खर्चको तुलनामा ८.८ प्रतिशतले वृद्धि भई रु. १२ खर्व ८२ अर्ब ९४ करोड पुगेको छ। यस अवधिमा चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फको खर्चमा क्रमशः ३.६ प्रतिशत, ७.२ प्रतिशत र २८.८ प्रतिशतले वृद्धि भएको छ। यस अवधिको कुल संघीय खर्चमा चालु पूँजीगत र वित्तीय व्यवस्था तर्फको खर्चको हिस्सा क्रमशः ६९.७ प्रतिशत, ११.३ प्रतिशत र १९.० प्रतिशत रहेको छ।

**चार्ट (१): विगत पाँच आर्थिक वर्षको जेठसम्मको खर्चको अवस्था (कुल खर्चको अनुपातमा)**




स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

२. कुल खर्चमा वित्तीय व्यवस्था तर्फको खर्चमा वृद्धि हुँदै गएको छ। आर्थिक वर्ष २०७७/७८ को जेठसम्मको कुल खर्चमा वित्तीय व्यवस्था तर्फको खर्च ८.० प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको सोही अवधिमा उक्त खर्च २२.४ प्रतिशत पुगेको छ। यस अवधिको कुल खर्चमा चालु खर्च र पूँजीगत तर्फको खर्चको अनुपात घट्दो दरमा रहेको छ।

**तालिका (1): पछिल्लो ५ आर्थिक वर्षको जेठसम्मको खर्चको स्थिति (रु. अर्बमा)**

| विवरण/आ.व. | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| चालु | ७००.६१ | ८१४.५४ | ८७७.३९ | ८२१.७७ | ८५१.५८ |
| पूँजीगत | १४३.०९ | १३७.९६ | १५३.०८ | १३३.८१ | १४३.३९ |
| वित्तीय व्यवस्था | ७३.१५ | ८३.१० | १४५.५९ | २२३.५१ | २८७.९७ |
| **कुल** | **९१६.८५** | **१०३५.६१** | **११७६.०७** | **११७९.०९** | **१२८२.९४** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

http://www.mof.gov.np इमेल: epad@mof.gov.np फोन नं.: ०१-४२११३२६

३. चालु आर्थिक वर्षको जेठसम्मको कुल खर्चमध्ये असोज महिनामा सबैभन्दा बढी १४.९ प्रतिशत खर्च भएको छ। मङ्सिर,चैत र बैशाख महिनामा भएको खर्च कुल खर्चको १० प्रतिशत माथि रहेको छ। सबैभन्दा कम खर्च साउन महिनामा भएको छ।

**तालिका (२): चालु आर्थिक वर्षको मासिक खर्चको स्थिति (रु. अर्बमा)**

| महिना | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च | खर्च भार | प्रतिशतमा |
|---|---|---|---|---|---|---|
| साउन | १२३८.२२ | ८५५.४८ | १९२७.०६ | ४०२०.७६ | ०.०३१ | ३.१ |
| भदौ | ७०६०.४३ | ६३३.९२ | २०४०.१६ | ९७३४.५१ | ०.०७६ | ७.६ |
| असोज | १४६८६.६ | १४४८.०६ | ३०३०.२२ | १९१६४.८ | ०.१४९ | १४.९ |
| कात्तिक | ६२६७.४६ | ५१५.६४ | १७९८.८ | ८५८१.९ | ०.०६७ | ६.७ |
| मङ्सिर | ७,१०२.४७ | ६२६.९६ | ६,३८०.३३ | १४,१०९.७६ | ०.११० | ११.० |
| पुष | ८,८४५.१६ | १,६१३.४४ | ६८९.८२ | ११,१४८.४२ | ०.०८७ | ८.७ |
| माघ | ७,०६२.२३ | १,१४८.०९ | ५१४.८३ | ८,७२५.१५ | ०.०६८ | ६.८ |
| फागुन | ६२९९.४४ | १४१४.९१ | ९१५.०१ | ८६२९.३६ | ०.०६७ | ६.७ |
| चैत | ९२४७.०६ | २०३३.५८ | ४४५६.७८ | १५७३७.४ | ०.१२३ | १२.३ |
| बैशाख | ९५१३.६७ | १७४७.५६ | ४६७५.९३ | १५९३७.१३ | ०.१२४ | १२.४ |
| जेठ | ७८३५.५२ | २३०१.२४ | २३६८.४२ | १२५०५.१८ | ०.०९७ | ९.७ |
| **जम्मा** | **८५१५८.१९** | **१४३३८.८८** | **२८७९७.३६** | **१२८२९४.४३** | **१** | **१००** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

## राजस्व परिचालन

४. राजस्व सङ्कलन वृद्धि भएको छ। आर्थिक वर्ष २०८१/८२ को जेठसम्म संघीय सरकारको कुल राजस्व अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा १०.८ प्रतिशतले वृद्धि भई रू. १० खर्ब १६ अर्ब ९ करोड पुगेको छ। कुल राजस्वमा कर राजस्व र गैरकर राजस्वको अंश क्रमशः ९०.२ प्रतिशत र ९.८ प्रतिशत रहेको छ। यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रु. १० खर्ब २७ अर्ब ६७ करोड पुगेको छ।


**तालिका (३): पछिल्लो ५ आर्थिक वर्षको जेठसम्मको राजस्व सङ्कलनको विवरण (रू. अर्बमा)**

| आ.व. | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|---|
| कर | ५८८.३७ | ७५८.३८ | ८७२.५४ | ७५९.०० | ८२६.८२ | ९१८.०० |
| गैर कर | ५९.४५ | ५३.९८ | ६९.५९ | ७७.८५ | ९०.०१ | ९८.०८ |
| **कुल राजस्व** | **६४७.८२** | **८१२.३५** | **९४२.१३** | **८३६.८५** | **९१६.८३** | **१०१६.०९** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

५. राजस्व सङ्कलनमा वृद्धि भएको छ। कोभिड-१९ सङ्क्रमण नियन्त्रणका लागि चालेका कदम तथा बाह्यक्षेत्र सन्तुलनका लागि लिइएका नीतिगत व्यवस्था बाहेकका आर्थिक वर्षमा राजस्व सङ्कलन वृद्धि भएको छ।


**चार्ट (२): पछिल्लो ५ आर्थिक वर्षको जेठसम्मको राजस्व सङ्कलनको प्रवृत्ति (रू. अर्बमा)**




स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

६. गत आर्थिक वर्षको जेठसम्मको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा सङ्कलित कुल राजस्वमा भन्सार विन्दुमा सङ्कलन हुने राजस्व, शिक्षा सेवा शुल्क तथा अन्त:शुल्कको अंश बढेको छ भने आयकर, मूल्य अभिवृद्धि कर र गैर कर राजस्वको अंश घटेको छ।

**चार्ट (३): पछिल्लो २ आर्थिक वर्षको जेठसम्मको सङ्कलित राजस्वको संरचना**




स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

४. चालु आर्थिक वर्षको जेठसम्म ब्याजदर घट्दै गएसँगै ब्याजकर तर्फको आयकर सङ्कलनमा कमी आएको छ। अन्य कर शीर्षकको राजस्व सङ्कलनमा वृद्धि भएको छ।

५. यस अवधिसम्म कुल राजस्व लक्ष्यको ८२.३ प्रतिशत सङ्कलन भएको छ भने वार्षिक लक्ष्यको ७१.६ प्रतिशत राजस्व सङ्कलन भएको छ।

### तालिका (४) : पछिल्लो दुई आर्थिक वर्षको जेठसम्मको राजस्व सङ्कलनको विवरण (रू. करोडमा)

| कर शीर्षक | आ.व.२०८१/८२ वार्षिक लक्ष्य रू करोडमा | २०८०/८१ जेठसम्मको सङ्कलन | २०८१/८२ जेठसम्मको सङ्कलन | जेठसम्मको लक्ष्य | लक्ष्यको तुलनामा सङ्कलन | वार्षिक लक्ष्यको तुलनामा राजस्व सङ्कलन | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|---|
| **भन्सार महशुल** | **३०७३६.२३** | **१८१३३.३२** | **२०७५०.८१** | **२७९७०.५८** | **७४.२** | **६७.५** | **१४.४** |
| **मूल्य अभिवृद्धि कर** | **३८६५२.००** | **२७५०२.७१** | **३०२५१.८०** | **३४५९१.८०** | **८७.५** | **७८.३** | **१०.०** |
| उत्पादन, बिक्री, सेवा | १६४३६.६६ | १११९१.४४ | १२७१८.६८ | १४२९४.९२ | ८९.० | ७७.४ | १३.६ |
| पैठारी | २२२१५.३४ | १६३११.२७ | १७५३३.१२ | २०२९६.८७ | ८६.४ | ७८.९ | ७.५ |
| **अन्तःशुल्क** | **१९४९६.१६** | **१३५१३.५३** | **१६१९२.१५** | **१७८६८.१८** | **९०.६** | **८३.१** | **१९.८** |
| आन्तरिक उत्पादन | १४१८०.५८ | १०१११.७७ | ११९५०.८० | १३०००.४४ | ९१.९ | ८४.३ | १८.२ |
| पैठारी | ५३१५.५८ | ३४०१.७५ | ४२४१.३५ | ४८६७.७४ | ८७.१ | ७९.८ | २४.७ |
| **शिक्षा सेवा शुल्क** | **४६५.७६** | **२९४.०३** | **३६७.८७** | **३९४.५३** | **९३.२** | **७९.०** | **२५.१** |
| **आयकर** | **३९०७०.८१** | **२३२३८.२८** | **२४२३७.५२** | **३१६२१.६१** | **७६.६** | **६२.०** | **४.३** |
| आयकर | ३४०६२.३० | १९७१५.२२ | २१३३४.८७ | २६८६६.१६ | ७९.४ | ६२.६ | ८.२ |
| ब्याज कर | ५००८.५१ | ३५२३.०६ | २९०२.६५ | ४७५५.४४ | ६१.० | ५८.० | -१७.६ |
| **कुल कर राजस्व** | **१२८४२०.९६** | **८२६८१.८७** | **९१८००.१५** | **११२४४६.६९** | **८१.६** | **७१.५** | **११.०** |
| **गैर कर** | **१३५०९.३४** | **९००१.१८** | **९८०८.३७** | **११०३९.०२** | **८८.९** | **७२.६** | **९.०** |
| **कूल राजस्व** | **१४१९३०.३०** | **९१६८३.०५** | **१०१६०८.५३** | **१२३४८५.७१** | **८२.३** | **७१.६** | **१०.८** |
| **अन्य प्राप्ति** | ०.०० | **२२६५.०६** | **११५८.४५** | ०.०० | - | - | **-४८.९** |
| **कुल राजस्व/प्राप्ति** | **१४१९३०.३०** | **९३९४८.१२** | **१०२७६६.९७** | **१२३४८५.७१** | **८३.२** | **७२.४** | **९.४** |

स्रोतः अर्थ मन्त्रालय।

# भन्सार विन्दुमा सङ्कलन हुने राजस्व अन्तर्गत भन्सार बिन्दुमा सङ्कलन हुने पैठारी कर, निकासी कर, पूर्वाधार कर, भन्सारको अन्य आय, कृषि सुधार शुल्क, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार दस्तुर समावेश गरिएको।

## संघीय राजस्व

६. चालु आर्थिक वर्षको जेठसम्म संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) गत आर्थिक वर्षको सोही अवधिको रू. ८ खर्ब ३ अर्ब ९८ करोड ७१ लाखको तुलनामा १०.६ प्रतिशतले वृद्धि भई रू. ८ खर्ब ८९ अर्ब ४७ करोड ७५ लाख पुगेको छ। यस अवधिमा मूल्य अभिवृद्धि कर र आन्तरिक तर्फको अन्तःशुल्क सङ्कलन दुवैमा वृद्धि भएका कारण प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व समेत १२.२ प्रतिशतले वृद्धि भएको छ।

## करको दायरा विस्तार

७. स्थायी लेखा नम्बर लिने करदाताको कुल सङ्ख्या वृद्धि भएको छ। आर्थिक वर्ष २०८१/८२ को जेठसम्म स्थायी लेखा नम्बर लिएका करदाताको सङ्ख्या ६९ लाख २३ हजार ५ सय ५९ पुगेको छ। यस अवधिमा दर्ता भएका कुल स्थायी लेखा नम्बरमा व्यावसायिक स्थायी लेखा नम्बर, करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर र व्यक्तिगत स्थायी लेखा नम्बरको अनुपात क्रमशः २९.७ प्रतिशत, ०.५ प्रतिशत र ६९.८ प्रतिशत रहेको छ। यस अवधिसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख ४९ हजार ८ सय ३८ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख २४ हजार ८ सय ३४ पुगेको छ।

**तालिका (५) : व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०८१ असार मसान्त | २०८०/८१ को जेठसम्मको थप | २०८१/८२ को जेठसम्मको थप | कायम रहेको कुल |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर | १९४४१०१ | १०९१६३ | १०८६७७ | २०५२७७८ |
| व्यक्तिगत स्थायी लेखा नम्बर | ४२४८७०४ | ५६१०५५ | ५८६५२७ | ४८३५२३१ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर | ३३३२८ | ४६५३ | २२२२ | ३५५५० |
| **जम्मा स्थायी लेखा नम्बर** | **६२२६१३३** | **६७४८७१** | **६९७४२६** | **६९२३५५९** |
| मू.अ.कर | ३२७४१७ | २४७८० | २२४२१ | ३४९८३८ |
| अन्तः शुल्क | ११७३६८ | ८३४६ | ७४६६ | १२४८३४ |

स्रोतः आन्तरिक राजस्व विभाग ।


#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

## वैदेशिक सहायता प्रतिवद्धता

८. चालु आर्थिक वर्षको जेठसम्म वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको सोही अवधिको तुलनामा उल्लेख्य वृद्धि भई रु. २ खर्ब २१ अर्ब ९९ करोड ८८ लाख पुगेको छ। कुल सहायता प्रतिवद्धतामध्ये अनुदानको अंश २५.७ प्रतिशत रहेको छ भने ऋणको अंश ७४.३ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वैदेशिक सहायता प्रतिवद्धता रु. १ खर्ब ४ अर्ब ७७ करोड ५४ लाख रहेको थियो।

९. कुल सहायता प्रतिवद्धतामध्ये सबैभन्दा बढी रकम ऊर्जा क्षेत्रमा २५.४ प्रतिशत प्राप्त भएको छ भने सबैभन्दा कम रकम सुशासन क्षेत्रमा ०.२ प्रतिशत प्राप्त भएको छ।

**चार्ट (४): वैदेशिक सहायता प्रतिवद्धताको क्षेत्रगत विवरण**




स्रोतः अर्थ मन्त्रालय।

## सार्वजनिक ऋण

१०. आर्थिक वर्ष २०८१/८२ को जेठसम्म संघीय सरकारको तिर्न बाँकी सार्वजनिक ऋण रू. २६ खर्ब ५४ अर्ब ६६ करोड रहेको छ। कुल सार्वजनिक ऋणमध्ये आन्तरिक ऋण र बाह्य ऋणको हिस्सा क्रमशः ४७.९ प्रतिशत र ५२.१ प्रतिशत रहेको छ।

११. यस अवधिसम्म संघीय सरकारले आन्तरिक ऋणतर्फ रु. २ खर्ब २३ अर्ब ३६ करोड र बाह्य ऋणतर्फ रु. ४३ अर्ब ३० करोड गरी कुल रु. २ खर्ब ६६ अर्ब ६६ करोड सावाँ भुक्तानी गरेको छ भने यस अवधिमा आन्तरिक ऋण तर्फ रु. ५४ अर्ब ३७ करोड र बाह्य ऋणतर्फ रु. ८ अर्ब ५८ करोड गरी कुल रु. ६२ अर्ब ९५ करोड ब्याज भुक्तानी गरेको छ।

१२. आर्थिक वर्ष २०८१/८२ को जेठसम्म संघीय सरकारले आन्तरिक ऋण रु. ३ खर्ब १४ अर्ब ९९ करोड र बाह्य ऋण रु. ९९ अर्ब २० करोड गरी कुल रु. ४ खर्ब १४ अर्ब १९ करोड ऋण प्राप्त गरेको छ।

## वित्तीय क्षेत्र

१३. २०८१ असार मसान्तको तुलनामा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप ८.० प्रतिशत (रु. ५ खर्ब १७ अर्ब ६० करोड) ले वृद्धि भएको छ। गत आर्थिक वर्षको जेठसम्म यस्तो निक्षेप ९.० प्रतिशतले वृद्धि भएको थियो। वार्षिक विन्दुगत आधारमा २०८२ जेठसम्म बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप १२.० प्रतिशतले वृद्धि भएको छ।

१४. २०८१ असार मसान्तको तुलनामा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ८.० प्रतिशत (रु. ४ खर्ब ७ अर्ब ६२ करोडले) बढेको छ। गत आर्थिक वर्षमा यस्तो कर्जा रु. २ खर्ब ४६ अर्ब ८० करोडले बढेको थियो। वार्षिक बिन्दुगत आधारमा २०८२ जेठसम्म बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ८.७ प्रतिशतले वृद्धि भएको छ।

१५. २०८२ जेठमसान्तमा २० वाणिज्य बैङ्क, १७ विकास बैङ्क, १७ वित्त कम्पनी, ५२ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैङ्क गरी कुल १०७ बैङ्क तथा बित्तीय संस्थाहरु सञ्चालनमा रहेका छन् भने बैङ्क तथा बित्तीय संस्थाको शाखा सङ्ख्या ११ हजार ५ सय १९ रहेको छ। २०८१ जेठमसान्तमा उक्त शाखा सङ्ख्या ११ हजार ५ सय २९ रहेको थियो। साथै, २०८१ जेठसम्म ५१८२ एटिम बुथ सञ्चालनमा रहेकोमा २०८२ को सोही अवधिमा ८३ थप भई उक्त सङ्ख्या ५२६५ पुगेको छ।

१६. निक्षेप तथा कर्जाको ब्याजदर घटेको छ। २०८१ जेठमा ६.१७ प्रतिशत रहेको वाणिज्य बैंकको निक्षेपको ब्याजदर २०८२ को सोही अवधिमा ४.२९ प्रतिशतमा झरेको छ भने उक्त अवधिमा कर्जाको ब्याजदर १०.१५ प्रतिशतबाट ७.९९ प्रतिशतमा झरेको छ।

१७ बैंकहरुको निष्कृय कर्जा वृद्धि भएको छ। २०८१ जठमा कुल निक्षेपको ३.९८ प्रतिशत रहेको निष्कृय कर्जा २०८२ को सोही अवधिमा ५.२४ प्रतिशत पुगेको छ।

## बीमा क्षेत्र

१८. बीमा क्षेत्रका परिसूचकहरु बढेका छन्। कुल बीमालेख सङ्ख्या, बीमाशुल्क सङ्कलन र बीमाको दायरामा आएको जनसङ्ख्या समेत वृद्धि भएको छ।

१९. चालु आर्थिक वर्षको जेठसम्म जारी भएको बीमालेख सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ९.७ प्रतिशतले वृद्धि भई १ करोड ८४ लाख २५ हजार २ सय ३० पुगेको छ। यस अवधिमा बैदेशिक बीमालेख, म्यादी र लघु म्यादी बीमालेख तथा निर्जीवन बीमालेख समेत वृद्धि भए तापनि अन्य जीवन बीमालेख सङ्ख्यामा कमी आएको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल बीमालेख सङ्ख्या १ करोड ६८ लाख २ हजार ८ सय ४८ रहेको थियो।

२०. यस अवधिसम्म सङ्कलन भएको बीमा प्रिमियम रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १४.५ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ९५ अर्ब ४ करोड १६ लाख पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त रकम रू. १ खर्ब ७० अर्ब ३२ करोड ७८ लाख रहेको थियो।


२१. यस अवधिसम्म जारी भएको म्यादी, लघु म्यादि र वैदेशिक रोजगार बीमालेख सहित बीमाको दायरामा आएको जनसङ्ख्या ४७.९५ प्रतिशत पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त जनसङ्ख्या ४३.९५ प्रतिशत रहेको थियो।

२२. यस अवधिको कुल बीमालेखमध्ये जीवन बीमा र निर्जीवन बीमाको हिस्सा क्रमशः ८४.१ प्रतिशत र १५.९ प्रतिशत रहेको छ। गत वर्षको जेठसम्म यस्तो हिस्सा क्रमशः ८३.९ प्रतिशत र १६.१ प्रतिशत रहेको थियो। साथै, यस अवधिको कुल बीमा प्रिमियम रकममा जीवन बीमा र निर्जिवन बीमा तर्फको हिस्सा क्रमशः ७९.६ प्रतिशत र २०.४ प्रतिशत रहेको छ।

## पूँजी बजार

२३. २०८२ जेठ मसान्तमा नेप्से सूचकाङ्क २६५५.३९ बिन्दुमा रहेको छ। २०८१ को सोही अवधिमा नेप्से सूचकाङ्क २११२.३० बिन्दुमा रहेको थियो। यस अवधिमा वार्षिक बिन्दुगत आधारमा बजार पूँजीकरण ३२.१ प्रतिशतले वृद्वि भई रु. ४४ खर्ब २३ अर्ब ४ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रु. ३३ खर्ब ४९ अर्ब ४८ करोड रहेको थियो।


चार्ट (५): पछिल्लो ५ वर्षको जेठ मसान्तको नेप्से सूचकाङ्क




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

२४. २०८२ जेठ १ गते २६११.८५ बिन्दुमा रहेको नेप्से सूचकाङ्क जेठ २ गते महिनाकै सबैभन्दा न्यून बिन्दुमा पुगेको थियो भने जेठ २२ मा सबैभन्दा उच्च बिन्दुमा पुगेको थियो। विभिन्न उतार चढावसँगै महिनाको अन्तिम कारोवार भएको दिन जेठ २९ गते सूचकाङ्क २६५५.३९ बिन्दुमा रहेको छ।

चार्ट (६): २०८२ जेठ महिनाको नेप्से सूचकाङ्क




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड ।

## समग्र मूल्य स्थिति

२५. २०८२ को जेठ महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति २.७२ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ४.१७ प्रतिशत रहेको थियो। यस अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ०.५४ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.९४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा उक्त समूहको मुद्रास्फीति क्रमशः ५.८५ प्रतिशत र ३.०७ प्रतिशत रहेको थियो। अघिल्ला वर्षमा मुद्रास्फीति उच्च रहेकोले चालु आर्थिक वर्षमा यस्तो स्फीति घट्दो दरमा रहेको हो।

२६. चालु आर्थिक वर्षको साउन देखि बैशाखसम्मको औसत मुद्रास्फीति भने ४.२४ प्रतिशत रहेको छ।

### मुद्राप्रदाय

२७. चालु आर्थिक वर्षको जेठसम्म विस्तृत मुद्राप्रदाय ८.२ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ९.१ प्रतिशतले वृद्धि भएको थियो। वार्षिक बिन्दुगत आधारमा २०८२ जेठ मसान्तमा विस्तृत मुद्राप्रदाय १२.० प्रतिशतले वृद्धि भएको छ ।

### बाह्य क्षेत्र

२८. चालु आर्थिक वर्षको जेठसम्म कुल वस्तु व्यापार १९.२ प्रतिशतले बढेको छ। विगत पाँच आर्थिक वर्षको तथ्याङ्क विश्लेषण गर्दा चालु आर्थिक वर्षको जेठसम्मको निर्यात आयात अनुपात सबैभन्दा उच्च १५.१ प्रतिशत र कुल व्यापारमा निर्यातको अंश १३.१ प्रतिशत पुगेको छ। वस्तु आयातभन्दा निर्यात व्यापार उच्च दरले बढेसँगै कुल व्यापारमा निर्यातको अंश वृद्धि भएको र आयातको अंश घटेको छ भने निर्यात व्यापारको आकार सानो भएकोले व्यापार घाटा केही बढेको छ।।

**तालिका (६) : पछिल्लो पाँच आर्थिक वर्षको बैशाखसम्मको वस्तु व्यापारको विवरण (मूल्य रु. करोड)**

| विवरण | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| आयात | १३८३३६.४९ | १७६३२२.४२ | १४८०९८.११ | १४४८३३.०९ | १६४४७९.७९ |
| निर्यात | १२१२५.४० | १८५८३.५९ | १४३५८.६५ | १३८६३.५५ | २४७५६.९१ |
| कुल व्यापार | १५०४६१.८९ | १९४९०६.०१ | १६२४५६.७७ | १५८६९६.६४ | १८९२३६.७० |
| व्यापार घाटा | १२६२११.१० | १५७७३८.८३ | १३३७३९.४६ | १३०९६९.५४ | १३९७२२.८८ |
| निर्यात आयात अनुपात (प्रतिशतमा) | ८.८ | १०.५ | ९.७ | ९.६ | १५.१ |
| कुल व्यापारमा आयातको अंश (प्रतिशतमा) | ९१.९ | ९०.५ | ९१.२ | ९१.३ | ८६.९ |
| कुल व्यापारमा निर्यातको अंश (प्रतिशतमा) | ८.१ | ९.५ | ८.८ | ८.७ | १३.१ |

स्रोतः भन्सार विभाग।

### वस्तु निर्यात

२९. आर्थिक वर्ष २०८१/८२ को जेठसम्म कुल वस्तु निर्यात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ७८.६ प्रतिशतले वृद्धि भई रु. २ खर्ब ४७ अर्ब ५७ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निर्यात रु. १ खर्ब ३८ अर्ब ६४ करोड रहेको थियो। यस अवधिमा भटमासको प्रशोधित तेल तथा सूर्यमूखीको प्रशोधित तेलको निर्यात उच्च दरले बढेको छ भने जुटका कपडा, सेन्थेटिक यार्न, लगायतका वस्तुको निर्यातमा समेत वृद्धि भएको छ। यस अवधिमा फलामे पाता, फलफुलको जुस, तयारी कपडा लगायतका वस्तुको निर्यात घटेको छ।

३०. भारततर्फ हुने निर्यातको अंश उच्च रहँदै आएको छ। आर्थिक वर्ष २०८१/८२ को जेठसम्म भएको कुल निर्यातमध्ये भारत, चीन र अन्य देशतर्फ भएको निर्यातको अंश क्रमशः ८१.१ प्रतिशत, १.० प्रतिशत र १७.८ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा यस्तो निर्यात क्रमशः ६७.९ प्रतिशत, १.७ प्रतिशत र ३०.४ प्रतिशत रहेको थियो।

३१. यस अवधिमा भारत, चीन र अन्य मुललुकतर्फ भएको निर्यातमा क्रमशः ११२.६ प्रतिशत, ३.० प्रतिशत र ४.४ प्रतिशतले वृद्धि भएको छ।

**तालिका (७): पछिल्लो दुई आर्थिक वर्षको जेठसम्म निर्यात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (रु. करोड)**

| वस्तु | २०८०/८१ | २०८१/८२ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| भटमासको तेल प्रशोधित | ८७.५३ | ९३५१.७२ | १०५८४.० |
| सेन्थेटिक यार्न | १०४९.८१ | १३०१.२२ | २३.९ |
| सुर्यमुखिको प्रशोधित तेल | १५.९९ | ११३३.९ | ६९९१.३ |
| उनी गलैंचा कार्पेट | ९६९.४२ | ९७८.१ | ०.९ |
| फलामे पाता | १०२५.८८ | ९०९.७३ | -११.३ |
| तयारी कपडा | ७७२.१५ | ७२७.४७ | -५.८ |
| फलफुलको जुस | ७९२.६८ | ७२४.७३ | -८.६ |
| अलैची | ७४५.७३ | ७१९.०७ | -३.६ |

| वस्तु | २०८०/८१ | २०८१/८२ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| प्लाइउड | ६६५.२७ | ६६१.०७ | -०.६ |
| जुटका बुनिएका कपडा | ४१३.१२ | ५६६.२६ | ३७.१ |
| कुल | ६५३७.५८ | १७०७३.२७ | |
| अन्य | ७३२५.९७ | ७६८३.६४ | ४.९ |
| **जम्मा** | **१३८६३.५५** | **२४७५६.९१** | **७८.६** |

स्रोतः भन्सार विभाग ।

## वस्तु आयात

३२. आर्थिक वर्ष २०८१/८२ को जेठसम्म कुल वस्तु आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १३.६ प्रतिशतले वृद्धि भई रु. १६ खर्ब ४४ अर्ब ८० करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु आयात रु. १४ खर्ब ४८ अर्ब ३३ करोड रहेको थियो।

३३. यस अवधिमा भटमासको कच्चा तेलको आयात उच्च दरले बढेको छ भने शुद्ध फलाम, मोबाइल टेलिफोन, तयारी कपडा, एल पी ग्यास, एलोपेथीक औषधी लगायतका वस्तुको आयात बढेको छ। यस अवधिमा डिजेल, एच.आर सीट, पेट्रोल लगायतका वस्तुको आयात घटेको छ। यस अवधिमा पेट्रोल र डिजेलको आयात परिमाणमा वृद्धि भएतापनि आयात मूल्यमा कमी आएको छ।

३४. यस अवधिको कुल आयातमध्ये भारत, चीन र अन्य देशतर्फको आयातको अंश क्रमशः ५९.४ प्रतिशत, १९.१ प्रतिशत र २१.५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः क्रमशः ६२.५ प्रतिशत, १८.८ प्रतिशत र १८.७ प्रतिशत रहेको थियो।

३५. यस अवधिमा भारत, चीन र अन्य मुलुकतर्फको आयातमा क्रमशः ७.६ प्रतिशत १५.३ प्रतिशत र २९.५ प्रतिशतले वृद्धि भएको छ।

### तालिका (८): पछिल्लो दुई आर्थिक वर्षको जेठसम्म आयात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति

(रु. करोड)


| वस्तु | २०८०/८१ | २०८१/८२ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| डिजेल | १२९१२.२ | ११५५५.०२ | -१०.५ |
| भटमासको तेल कच्चा | १२९९.३२ | ९५७२.६२ | ६३६.७ |
| पेट्रोल | ६२७०.७२ | ५८५८.९१ | -६.६ |
| एल पि ग्यास | ५०८५.४८ | ५७३६.७९ | १२.८ |
| शुद्ध फलाम | ३५१०.८४ | ४५७१.४८ | ३०.२ |
| तयारी कपडा | ३२३९.४२ | ३७९२.७ | १७.१ |
| एच.आर.सिट | ३८९३.९८ | ३६०४.७७ | -७.४ |
| मोवाइल टेलिफोन | २७४२.३३ | ३३८९.२२ | २३.६ |
| विद्युतबाट सञ्चालित जीप कार र भ्यानहरु | ३००३.७४ | ३१६१.२९ | ५.२ |
| अन्य एलोपेथीक औषधी | २५०९.३७ | २७९२.९ | ११.३ |
| अन्य | १००३६५.६९ | ११०४४.०९ | १०.० |
| **जम्मा** | **१४४८३३.०९** | **१६४४७९.७९** | **१३.६** |

स्रोतः भन्सार विभाग ।

## व्यापार घाटा

३६. आर्थिक वर्ष २०८१/८२ को जेठसम्म वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ६.७ प्रतिशतले वृद्धि भई रु. १३ खर्ब ९७ अर्ब २३ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वस्तु व्यापार घाटा २.१ प्रतिशतले सुधार भएको थियो। कुल वस्तु निर्यातको वृद्धिदर वस्तु आयातभन्दा बढी भए तापनि आयात व्यापारको आकार बढी हुँदा व्यापार घाटा कम हुन नसकेको हो। विगत पाँच आर्थिक वर्षको तथ्याङ्क विश्लेषण गर्दा आर्थिक वर्ष २०७९/८० र २०८०/८१ मा बाह्य क्षेत्र सुधारका लागि अवलम्बन गरिएको आयात नियमनको नीति लागू भए पश्चात् क्रमशः १५.२ प्रतिशत र २.१ प्रतिशतले सुधार भएको वस्तु व्यापार घाटा अन्य वर्षमा भने वृद्धि भएको छ।


चार्ट (७):पछिल्लो ५ आर्थिक वर्षको जेठसम्मको वस्तु व्यापार घाटाको स्थिति (रु. अर्ब)




स्रोतः भन्सार विभाग।

३७ कुल व्यापारमा निर्यातको अंश बढेको छ। विगत पाँच आर्थिक वर्षको जेठसम्मको कुल व्यापारमा निर्यातको हिस्सा चालु आर्थिक वर्षमा सबैभन्दा बढी १३.१ प्रतिशत पुगेको छ। सीमित वस्तुको मात्र निर्यात वृद्धि भएकोले निर्यात वृद्धि तथा यसको दिगोपनाको पहल गर्नुपर्ने देखिन्छ। यसको लागि निर्यातको आधार सबल बनाई निर्यातमा वस्तुगत तथा देशगत विविधिकरण गर्न अपरिहार्य छ।


चार्ट (८):पछिल्लो ५ आर्थिक वर्षको जेठसम्मको वस्तु आयात निर्यातको अवस्था (प्रतिशतमा)




स्रोतः भन्सार विभाग ।

३८. चालु आर्थिक वर्षको वस्तु व्यापारको मासिक तथ्याङ्क विश्लेषण गर्दा निर्यात आयात अनुपात क्रमशः बढ्दो दरमा रहेको छ। २०८१/८२ को जेठसम्मको निर्यात आयात अनुपात १५.१ प्रतिशत पुगेको छ।

चार्ट (९): चालु आर्थिक वर्षको साउनदेखि जेठसम्मको वस्तु निर्यातको अवस्था (रु. करोड)




स्रोतः भन्सार विभाग ।

## सेवा व्यापार

३९. आर्थिक वर्ष २०८१/८२ को जेठसम्मको कुल सेवा आय गत वर्षको सोही अवधिको सेवा आय रु. २ खर्ब २७ अर्ब ७४ करोडको तुलनामा ५.७ प्रतिशतले कमी आई रु. २ खर्ब १४ अर्ब ६६ करोड रहेको छ। यस अवधिमा गत वर्षको सोही अवधिको सेवा खर्च रु. २ खर्ब ८४ अर्ब १० करोडको तुलनामा ९.८ प्रतिशतले वृद्धि भई रु. ३ खर्ब ११ अर्ब ९८ करोड पुगेको छ।

४०. आर्थिक वर्ष २०८१/८२ को जेठसम्म खुद सेवा आय रु. ९७ अर्ब ३३ करोडले घाटामा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा खुद सेवा आय रु. ५६ अर्ब ३६ करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

४१. चालु आर्थिक वर्षको जेठसम्म विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १५.५ प्रतिशतले वृद्धि भई रु. १५ खर्ब ३२ अर्ब ९३ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आप्रवाह रु. १३ खर्ब २७ अर्ब ५४ करोड रहेको थियो। यस अवधिको आप्रवाह अमेरिकी डलरमा १२.७ प्रतिशतले वृद्धि भई ११ अर्ब २५ करोड ११ लाख डलर पुगेको छ।

४२. श्रम स्वीकृति लिने कामदारको सङ्ख्यामा वृद्धि भएको छ। चालु आर्थिक वर्षको जेठसम्म वैदेशिक रोजगारमा जान नयाँ श्रम स्वीकृति लिने कामदारको सङ्ख्या ७.३ प्रतिशतले वृद्धि भई ४ लाख ५२ हजार ३ सय २४ पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो सङ्ख्या ८.३ प्रतिशतले घटेर ४ लाख २१ हजार ३ सय ५६ रहेको थियो।

४३. यस अवधिमा पुनः श्रम स्वीकृति लिने कामदारको सङ्ख्यामा समेत १७.९ प्रतिशतले वृद्धि भई ३ लाख ८ हजार ६७ पुगेको छ।

## चालु खाता एवम् शोधनान्तर स्थिति

४४. आर्थिक वर्ष २०८१/८२ को जेठसम्म चालु खाता र शोधनान्तर स्थिति दुवै बचतमा रहेका छन्। गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चालु खाता वचत ५३.४ प्रतिशतले वृद्धि भई रू. ३ खर्ब ७ अर्ब ३१ करोडले बचतमा रहेको छ। यस अवधिमा चालु खाता अमेरिकी डलरमा ५०.३ प्रतिशतले वृद्धि भई २ अर्ब २६ करोड २५ लाखले बचतमा रहेको छ।

४५. आर्थिक वर्ष २०८१/८२ को जेठसम्म शोधनान्तर स्थिति रु. ४ खर्ब ९१ अर्ब ४४ करोडले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रू. ४ खर्ब २५ अर्ब ६७ करोडले बचतमा रहेको थियो। चालु आर्थिक वर्षको जेठसम्म शोधनान्तर बचत अमेरिकी डलरमा ३ अर्ब ६१ करोड ६५ लाख रहेको छ।

## विदेशी विनिमय सञ्चिति

४६. २०८२ जेठसम्म कुल विदेशी विनिमय सञ्चिति २०८१ को सोही अवधिको तुलनामा ३०.६ प्रतिशतले वृद्धि भई रू. २५ खर्ब ६९ अर्ब ३८ करोड पुगेको छ। यस अवधिमा अमेरिकी डलरमा कुल विदेशी विनिमय सञ्चिति १८ अर्ब ६५ करोड ३९ लाख पुगेको छ।

४७. आर्थिक वर्ष २०८१/८२ को जेठसम्म भएको आयातलाई आधार मान्दा बैङ्क तथा वित्तीय संस्थासँग रहेको विदेशी विनिमय सञ्चितिले १७.६ महिनाको वस्तु आयात तथा १४.७ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको छ।

## विनिमय दर

४८. २०८१ असार मसान्तको तुलनामा २०८१ जेठ मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ २.९७ प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु. १३७.४४ पुगेको छ। २०८१ असार मसान्तमा उक्त विनिमय दर रु. १३३.३६ रहेको थियो।

## पर्यटक आगमन

४९. पर्यटक आगमनमा सिमान्त दरले कमी आएको छ। सन् २०२५ को जुनसम्ममा नेपाल भित्रिने विदेशी पर्यटकको सङ्ख्या ०.९ प्रतिशतले न्यून भई ५ लाख ७७ हजार ६ सय ८९ रहेको छ। गत वर्षको सोही अवधिमा नेपाल आएका पर्यटकको सङ्ख्या ५ लाख ८३ हजार १६ रहेको थियो।

५०. सन् २०२४ को अगस्टदेखि २०२५ को जुनसम्म नेपाल आउने पर्यटकको सङ्ख्या १.३ प्रतिशतले वृद्धि भई १० लाख ७७ हजार ६ सय ४१ पुगेको छ। गत वर्षको सोही अवधिमा उक्त सङ्ख्या १० लाख ६३ हजार ६ सय ८५ रहेको थियो।

५१. आर्थिक वर्ष २०८१/८२ को जेठसम्म भ्रमण आयमा ६.९ प्रतिशतले वृद्धि भई रु. ८२ अर्ब २० करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आय रु. ७६ अर्ब ८८ करोड रहेको थियो। यस अवधिमा भ्रमण व्ययमा १६.५ वृद्धि भएको छ। २०८२ जेठसम्म खुद भ्रमण आय रु. १ खर्ब २१ अर्ब ७७ करोडले घाटामा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो घाटा रु. ९८ अर्ब २८ करोड रहेको थियो। कुल भ्रमण व्ययको ६१.२ प्रतिशत रकम शिक्षा क्षेत्रमा बाहिरिएको छ।

| सूचक/परिसूचकहरू | ईकाइ | आर्थिक वर्ष २०८१/८२ | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | साउनसम्म | भदौसम्म | असोजसम्म | कात्तिकसम्म | मङ्सिरसम्म | पुससम्म | माघसम्म | फागुनसम्म | चैतसम्म | वैशाखसम्म | जेठसम्म |
| **वास्तविक क्षेत्र** | | | | | | | | | | | | |
| **आर्थिक वृद्धि** | **प्रतिशतमा** | **४.६१ प्रतिशत** | | | | | | | | | | |
| **उपभोक्ता मुद्रास्फीति** | **प्रतिशतमा** | **४.०९** | **३.८६** | **४.८२** | **५.६** | **६.०५** | **५.४१** | **४.१६** | **३.७५** | **३.३९** | **२.७७** | **२.७२** |
| खाद्य तथा पेय पदार्थ | प्रतिशतमा | ६.१५ | ५.०१ | ७.१८ | ९.१ | ९.९९ | ७.६७ | ४.९५ | ३.३४ | २.४५ | १.५२ | ०.५४ |
| गैर खाद्य तथा सेवा | प्रतिशतमा | २.९५ | ३.१९ | ३.५ | ३.७ | ३.९२ | ४.१९ | ३.७४ | ३.९७ | ३.९ | ३.४५ | ३.९४ |
| **सार्वजनिक वित्त** | | | | | | | | | | | | |
| कर राजस्व | रु. करोडमा | ७७४१ | १४५१९ | २१९६८ | २८९९० | ३६२५८ | ४८९४० | ५६५६४ | ६३८८० | ७४४१४ | ८२८९४ | ९१८०० |
| गैरकर राजस्व | रु. करोडमा | १७३३ | २११९ | २८५८ | ३३३४ | ३७०२ | ७०२१ | ७७२१ | ८१५५ | ८७२४ | ९३४९ | ९८०८ |
| **कूल राजस्व** | **रु. करोडमा** | **९४७४** | **१६६३८** | **२४८२६** | **३२३२४** | **३९९६०** | **५५९६१** | **६४२८५** | **७२०३५** | **८३१३८** | **९२२४३** | **१०१६०९** |
| अन्य प्राप्ति | रु. करोडमा | २२१ | ३१३ | ४७५ | ५७८ | ६१७ | ७७९ | ८०६ | ९३१ | ९७६ | ११२१ | ११५८ |
| **जम्मा राजस्व/प्राप्ति** | **रु. करोडमा** | **९६९५** | **१६९५१** | **२५३०१** | **३२९०२** | **४०५७७** | **५६७४०** | **६५०९१** | **७२९६६** | **८४११४** | **९३३६४** | **१०२७६७** |
| चालु खर्च | रु. करोडमा | १२३८ | ८२९९ | २२९८५ | २९२५३ | ३६३५५ | ४५२०० | ५२२६३ | ५८५६२ | ६७८०९ | ७७३२३ | ८५१५८ |
| पूँजीगत खर्च | रु. करोडमा | ८५५ | १४८९ | २९३७ | ३४५३ | ४०८० | ५६९४ | ६८४२ | ८२५७ | १०२९० | १२०३७ | १४३३९ |
| वित्तीय व्यवस्था | रु. करोडमा | १९२७ | ३९६७ | ६९९७ | ८७९६ | १५१७७ | १५८६६ | १६३८१ | १७२९६ | २१७५३ | २६४२९ | २८७९७ |
| **कुल सार्वजनिक खर्च** | **रु. करोडमा** | **४०२०** | **१३७५५** | **३२९१९** | **४१५०२** | **५५६१२** | **६६७६०** | **७५४८५** | **८४११५** | **९९८५२** | **११५७८९** | **१२८२९४** |
| तिर्न बाँकी आन्तरिक ऋण | रु. करोडमा | १२०३९० | १२३५९० | १२३६३० | १२५२१६ | १२१७६६ | १२३४७१ | १२८२८१ | १३१५५८ | १३०१९४ | १२६६७० | १२७२५३ |
| तिर्न बाँकी बााह्य ऋण | रु. करोडमा | १२६८५४ | १२९२७२ | १२८६७४ | १२६५९० | १२७४७५ | १३०१४२ | १३२८२५ | १३६०४६ | १३६५३२ | १३५५७० | १३८२१३ |
| **कुल तिर्न बाँकी सार्वजनिक ऋण** | **रु. करोडमा** | **२४७२४४** | **२५२८६२** | **२५२३०४** | **२५१८०६** | **२४९२४१** | **२५३६१३** | **२६११०६** | **२६७६०४** | **२६६७२७** | **२६२२४०** | **२६५४६६** |
| आन्तरिक ऋण प्राप्ति | रु. करोडमा | ४००० | ९००० | ११५०० | १४४०० | १६४०० | १८१०५ | २२९१५ | २६९१५ | २९११४ | ३०११४ | ३१४९९ |
| बाह्य ऋण प्राप्ति | रु. करोडमा | ३५९ | १४०५ | २१३२ | २१७२ | २८२९ | ५९०३ | ६१४२ | ६५४७ | ७४९६ | ८९६९ | ९९२० |
| **ऋण प्राप्ति (आन्तरिक र वाह्य)** | **रु. करोडमा** | **४३५९** | **१०४०५** | **१३६३२** | **१६५७२** | **१९२२९** | **२४००९** | **२९०५८** | **३३४६२** | **३६६१०** | **३९०८३** | **४१४१९** |
| आन्तरिक ऋणको सावाँ भुक्तानी | रु. करोडमा | १७०० | ३५०० | ५९६० | ७२७४ | १२७२४ | १२७२४ | १२७२४ | १३४४८ | १७०१० | २१५३४ | २२३३६ |
| बाह्य ऋणको सावाँ भुक्तानी | रु. करोडमा | २२७ | ४६७ | ९४३ | १३५८ | १७३२ | २२४३ | २२९६ | २४५० | ३२९३ | ३५३८ | ४३३० |

| सूचक/परिसूचकहरू | ईकाइ | आर्थिक वर्ष २०८१/८२ | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | साउनसम्म | भदौसम्म | असोजसम्म | कात्तिकसम्म | मङ्सिरसम्म | पुससम्म | माघसम्म | फागुनसम्म | चैतसम्म | वैशाखसम्म | जेठसम्म |
| **कुल सावाँ भुक्तानी** | **रु. करोडमा** | **१९२७** | **३९६७** | **६९०३** | **८६३२** | **१४४५६** | **१४९६७** | **१५०२१** | **१५८९८** | **२०३०३** | **२५०७२** | **२६६६६** |
| अन्तर्राष्ट्रिय विकास सहायता प्रतिवद्धता, अनुदान | रु. करोडमा | २६२ | २३७५ | २३७५ | २३७५ | ३७४८ | ५१२६ | ५६४२ | ५६९७ | ५६९७ | ५६९७ | ५६९७ |
| अन्तर्राष्ट्रिय विकास सहायता प्रतिवद्धता, ऋण | रु. करोडमा | १३४३ | १३४३ | १३४३ | ३३५६ | ५९२४ | १५१०३ | १६५०३ | १६५०३ | १६५०३ | १६५०३ | १६५०३ |
| **कुल अन्तर्राष्ट्रिय विकास सहायता प्रतिवद्धता** | **रु. करोडमा** | **१६०५** | **३७१८** | **३७१८** | **५७३१** | **९६७२** | **२०२२९** | **२२१४५** | **२२२००** | **२२२००** | **२२२००** | **२२२००** |
| **स्थायी लेखा नम्बर (हालसम्म)** | **(हजारमा)** | **६४१९** | **६३७२** | **६४१८** | **६४५९** | **६५२१** | **६५८९** | **६६६०** | **६७३७** | **६८००** | **६८५५** | **६२२९** |
| सार्वजनिक वित्त, प्रतिशत परिवर्तन (वार्षिक बिन्दुगत) | | | | | | | | | | | | |
| कर राजस्व | प्रतिशतमा | १०.३ | १३.५ | १०.१ | १४ | ७.५ | १०.३ | १०.८ | १०.४ | १०.९ | ११ | ११ |
| गैर कर राजस्व | प्रतिशतमा | ९९.२ | ६१.५ | ४५.४ | ४९.२ | ४१.१ | ३२.६ | ३५.७ | ३५.१ | १३.४ | ९.९ | ९ |
| **कुल राजस्व** | **प्रतिशतमा** | **२०.१** | **१७.९** | **१३.३** | **१६.८** | **१०** | **१२.७** | **१३.३** | **१२.७** | **११.१** | **१०.९** | **१०.८** |
| अन्य प्राप्ति | प्रतिशतमा | -७६.१ | -७६.२ | -६९.३ | -६४.५ | -६५.२ | -५८.८ | -६२.४ | -५७.७ | -५६.१ | -४९.८ | -४८.९ |
| **जम्मा राजस्व/प्राप्ति** | **प्रतिशतमा** | **१०** | **९.९** | **७.९** | **१२.३** | **६.५** | **१०.१** | **१०.५** | **१०.४** | **९.२** | **९.३** | **९.४** |
| चालु खर्च | प्रतिशतमा | २ | -५.३ | ७.७ | ७.९ | १ | २ | २.७ | ०.६ | ५.३ | २.७ | ३.६ |
| पूँजीगत खर्च | प्रतिशतमा | ९३८.८ | ८२.५ | ६४.७ | १५.१ | १३.१ | १२.९ | ७.६ | १.७ | ५.७ | ७.६ | ७.२ |
| वित्तीय व्यवस्था | प्रतिशतमा | -१२.७ | १२.३ | ४१.८ | ६१.५ | १६६.५ | ९८ | ४३.५ | २५.१ | २९.५ | ३७.३ | २८.८ |
| **कुल सार्वजनिक खर्च** | **प्रतिशतमा** | **१४.७** | **४.९** | **१७.३** | **१६.७** | **२२.८** | **१६.४** | **९.९** | **४.९** | **९.८** | **९.६** | **८.८** |
| मुद्रा तथा बैंकिङ | | | | | | | | | | | | |
| विस्तृत मुद्राप्रदाय (M2) (वार्षिक बिन्दुगत) | प्रतिशतमा | १४.६ | १३.७ | १३.३ | १२.१ | ११.२ | १०.२ | १०.१ | ९.९ | ११.६ | ११.४ | १२ |
| संकुचित मुद्राप्रदाय (M1) (वार्षिक बिन्दुगत)) | प्रतिशतमा | १३.५ | ४.७ | ५ | २.२ | ३.५ | **१.९** | ४.२ | ३.३ | १४.७ | १५.५ | १५.७ |
| एम ३ (M3) (वार्षिक बिन्दुगत) | प्रतिशतमा | १४.७ | १३.७ | १३.१ | १२ | ११ | १०.१ | १० | ९.८ | ११.४ | ११.३ | ११.९ |
| निक्षेप परिचालन (वार्षिक बिन्दुगत) | प्रतिशतमा | १४.९ | १३.८ | १२.८ | १२.६ | १०.९ | **९.९** | ९.७ | ९.५ | ११.५ | ११.४ | १२ |

| सूचक/परिसूचकहरू | ईकाइ | आर्थिक वर्ष २०८१/८२ | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | साउनसम्म | भदौसम्म | असोजसम्म | कात्तिकसम्म | मङ्सिरसम्म | पुससम्म | माघसम्म | फागुनसम्म | चैतसम्म | वैशाखसम्म | जेठसम्म |
| कुल आन्तरिक कर्जा (वार्षिक बिन्दुगत) | प्रतिशतमा | ७.७ | ६.३ | ६.१ | ५.१ | ४.९ | ४.८ | ४.३ | ३.९ | ६.८ | ५.४ | ६ |
| निजी क्षेत्रमा प्रवाह भएको कर्जा (वार्षिक बिन्दुगत) | प्रतिशतमा | ६.२ | ६.६ | ६ | ६.२ | ७ | ७ | ७.३ | ७.७ | ८.३ | ८.४ | ८.७ |
| निक्षेपको ब्याजदर (वाणिज्य बैंक) | प्रतिशतमा | ५.६६ | ५.५३ | ५.२४ | ५.०१ | ४.७८ | ५ | ४.६२ | ४.५४ | ४.४५ | ४.३७ | ४.२९ |
| कर्जाको ब्याजदर (वाणिज्य बैंक) | प्रतिशतमा | ९.६८ | ९.५२ | ९.३३ | ९.०७ | ८.९ | ८.६९ | ८.५५ | ८.४ | ८.२२ | ८.११ | ७.९९ |
| औषत आधारदर (वाणिज्य बैंक) | प्रतिशतमा | ७.६१ | ७.४९ | ७.२९ | ७.०२ | ६.८२ | ६.६५ | ६.४६ | ६.३४ | ६.२९ | ६.१७ | ६.०९ |
| वैक तथा वित्तीय संस्थाहरुको शाखा सञ्जाल (सङ्ख्यामा) | (सङ्ख्यामा) | ११५१४ | ११५३३ | ११५३९ | ११५४२ | ११५५० | ११५४५ | ११५४० | ११५४३ | ११५१६ | ११५०५ | ११५१९ |
| नेप्से सुचकाङ्क (मासिक कारोबार भएको अन्तिम दिनको) | रुपैंयामा | ३०००.८१ | २५८०.७६ | २७४२.८९ | २७४८.७८ | २६८२.३ | २५९४.१३ | २६८५.७३ | २७३६.० | २६६२.१ | २६२०.३ | २६५५.४ |
| बजार पूँजीकरण | रु. करोडमा | ४७६५९१ | ४१०३६२ | ४३६१४५ | ४३७६९० | ४४४९११ | ४३०२८८ | ४४५८५२ | ४५४३८१ | ४४२५४० | ४३५८७१ | ४४२३०४ |
| कुल बीमा प्रिमियम सङ्कलन | रु. करोडमा | २२८९ | ३८०१.५ | ५२८७.५१ | ६८०५.७७ | ८३६६.२ | १०२४९ | १२०७९ | १२०७९ | १५९८६ | १७६२२ | १९५०४ |
| बीमाको दायरामा आएको जनसङ्ख्या (म्यादि, लघुम्यादि बैदेशिक रोजगार जीवन बीमालेख सहित) | प्रतिशतमा | ४२.७ | ४२.९२ | ४२.८४ | ४२.९२ | ४३.०२ | ४३.१ | ४३.९ | ४३.९ | ४४.६ | ४७.४ | ४८.० |
| **बाह्य क्षेत्र** | | | | | | | | | | | | |
| चालु खाता वचत | रु. करोडमा | ३०८९ | ४९६९ | १११८७ | १४३४२ | १४०७१ | १४८१७ | १६६८० | १८००८ | २१०२२ | २५५९३ | ३०७३१ |
| चालु खाता बचत (अमेरिकी डलरमा) | दश लाखमा | २३० | ३७० | ८३४ | १०६५ | १०४० | १०८४ | १२३७ | १३३२ | १५४९ | १८८७ | २२६२ |
| शोधनान्तर स्थिति बचत | रु. करोडमा | ४०९० | १०१७७ | १८४९९ | २०५८३ | २२५३४ | २४९२६ | २८४४१ | ३१०३७ | ३४६२३ | ४३८५२ | **४९१४४** |
| शोधनान्तर स्थिति बचत (अमेरिकी डलरमा) | दश लाखमा | ३०५ | ७५८ | १३७९ | १५२८ | १६६५ | १८२३ | २१०६ | २२९२ | २५५० | ३२३० | ३६१७ |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) | रु. करोडमा | १३६९३ | २६३१४ | ४०७३१ | ५२१६३ | ६४०४३ | ७६३०८ | ९००५८ | १०५१७७ | ११९१३१ | १३५६६१ | **153293** |

| सूचक/परिसूचकहरू | ईकाइ | आर्थिक वर्ष २०८१/८२ | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | साउनसम्म | भदौसम्म | असोजसम्म | कात्तिकसम्म | मङ्सिरसम्म | पुससम्म | माघसम्म | फागुनसम्म | चैतसम्म | वैशाखसम्म | जेठसम्म |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) (अमेरिकी डलरमा) | दश लाखमा | १०१९ | १९६० | ३०३७ | ३८७३ | ४७३३ | ५५८१ | ६६५० | ७७३६ | ८७३९ | ९९६३ | ११२५१ |
| कुल विदेशी विनिमय सञ्चिति | रु. करोडमा | २०९२२२ | २१५२५३ | २२३२२८ | २२५५३५ | २२७३२७ | २३१६८४ | २३६९०८ | २४०९२५ | २४२६८४ | २५१२९५ | २५६९३८४ |
| कुल विदेशी विनिमय सञ्चिति (अमेरिकी डलरमा) | दश लाखमा | १५५७६ | १६०३६ | १६६०१ | १६७०१ | १६७५६ | १६८४४ | १७०५२ | १७२६६ | १७६२८ | १८४०४ | १८६५४ |
| विदेशी विनिमय सञ्चिति पर्याप्तता (वस्तु आयात) | महिनामा | १७ | १७ | १८ | १८ | १७.६ | १७.३ | १७.२ | १७.२ | १७.१ | १७.४ | १७.६ |
| विदेशी विनिमय सञ्चिति पर्याप्तता(वस्तु तथा सेवा आयात) | महिनामा | १३ | १४ | १५ | १५.१ | १४.६ | १४.४ | १४.४ | १४.३ | १४.२ | १४.६ | १४.७ |
| कुल वस्तु निर्यात | रु. करोडमा | १२२३ | २५०९ | ३८३८ | ५२६७ | ७३६६ | ९८७९ | १२७२० | १५८१७ | १८८२० | २१७९१ | २४७५७ |
| कुल वस्तु आयात | रु. करोडमा | १२८३८ | २६२५४ | ३९०७५ | ५१३३९ | ६६१४९ | ८२२३७ | ९८८५९ | ११४५५७ | १३०९५३ | १४७४१९ | १६४४८० |
| **कुल वैदेशिक व्यापार** | **रु. करोडमा** | **१४०६१** | **२८७६३** | **४२९१३** | **५६६०६** | **७३५१५** | **९२११६** | **१११५७९** | **१३०३७४** | **१४९७७३** | **१६९२१०** | **१८९२३७** |
| कुल वस्तु व्यापार घाटा | रु. करोडमा | ११६१५ | २३७४५ | ३५२३७ | ४६०७२ | ५८७८३ | ७२३५८ | ८६१३९ | ९८७४० | ११२१३३ | १२५६२८ | 139723 |
| खुद वैदेशिक लगानी | रु. करोडमा | ७४.१ | ३.५ | २१३.१ | ३०१.६ | ३२८.१ | ३७३.५ | ४६८.३ | ५४९.३ | ५९६.३ | ५८९.९ | ६३६ |
| वैदेशिक लगानी स्वीकृति | रु. करोडमा | ८५६ | १२१२ | १५४३ | १७०४ | २०७८ | २५७८ | २६८४ | ४४६६ | ५७९८ | ५७०८ | ६०६१ |
| खुद सेवा आय ( घाटा) | रु. करोडमा | १५२६ | २८२० | २३२९ | २२९५ | ४०७१ | ४३५३ | ५०२२ | ७५१३ | ८१५४ | ८६५३ | ९७३२.६ |
| भ्रमण आय | रु. करोडमा | ४४७ | १०५३ | १७७२ | २६८४ | ३५१९ | ४१८६ | ४९२१ | ५६७० | ६६५४ | ७५७१ | ८२१९.९ |
| भ्रमण खर्च | रु. करोडमा | २२५० | ४३४९ | ५५.७८ | ६८३१ | ८५०१ | १०१९२ | ११५८८ | १४८११ | १७०३९ | १८५०३ | २०३९७.२ |
| **बाह्य क्षेत्र, प्रतिशत परिवर्तन (वार्षिक बिन्दुगत)** | | | | | | | | | | | | |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) | प्रतिशतमा | १८.० | १५.२ | ११.५ | ९.१ | ४.४ | ४.१ | ७.३ | ९.४ | १०.० | १३.० | १५.५ |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) (अमेरिकी डलरमा) | प्रतिशतमा | १६.७ | १३.५ | १०.२ | ७.५ | २.५ | १.१ | ५.३ | ६.९ | ७.३ | ११.० | १२.७ |
| कुल विदेशी विनिमय सञ्चिति | प्रतिशतमा | ३३.० | ३४.६ | ३५.९ | ३२.९ | २८.६ | २७.५ | २८.४ | २८.६ | २६.९ | २९.० | ३०.६ |

| सूचक/परिसूचकहरू | ईकाइ | आर्थिक वर्ष २०८१/८२ | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | साउनसम्म | भदौसम्म | असोजसम्म | कात्तिकसम्म | मङ्सिरसम्म | पुससम्म | माघसम्म | फागुनसम्म | चैतसम्म | वैशाखसम्म | जेठसम्म |
| कुल विदेशी विनिमय सञ्चिति (अमेरिकी डलरमा) | प्रतिशतमा | ३१.४ | ३३.५ | ३४.६ | ३०.९ | २५.९ | २३.० | २२.८ | २२.१ | -८७.७ | २७.० | २६.८ |
| वस्तु निर्यात | प्रतिशतमा | -९.६ | -५.१ | -६.१ | ४.२ | १६.५ | ३१.८ | ४६.५ | ५७.२ | ६५.२ | ७३ | ७८.६ |
| वस्तु आयात | प्रतिशतमा | -०.७ | १.१ | -४.२ | ०.२ | ३ | ७.१ | १०.१ | ११.२ | १२.२ | १३ | १३.६ |
| **कुल वैदेशिक व्यापार** | **प्रतिशतमा** | **-१.५** | **०.५** | **-४.३** | **०.५** | **४.२** | **९.३** | **१३.३** | **१५.३** | **१६.९** | **१८** | **१९.२** |
| **वस्तु व्यापार घाटा** | प्रतिशतमा | ०.४ | १.८ | -४ | -०.३ | १.५ | ४.४ | ६.२ | ६.२ | ६.४ | ६.७ | ६.७ |
| खुद वैदेशिक लगानी | प्रतिशतमा | -७२.० | -९८.८ | -३६.८ | -१७.२ | -१६.४ | -१७.५ | -९.६ | -२.४ | -८.० | -१५.५ | -२२.१ |
| भ्रमण आय | प्रतिशतमा | १.६ | १२ | ३.४ | ४.३ | ३.१ | ५.१ | ७.७ | ९.७ | ९.५ | ९ | -९.२ |
| भ्रमण खर्च | प्रतिशतमा | ३०.४ | २२.२ | -९८.९ | १०.३ | १२.३ | ९.७ | १०.६ | २०.६ | १९ | १८ | ४ |
| **घरजग्गा कारोबार** | | | | | | | | | | | | |
| घरजग्गा कारोबार, पूंजीगत लाभ कर | (रु. करोड) | १३४.७ | २४७.९ | ३५९.५ | ४५३.३ | ५८५ | ७४६ | ८९१ | १०४९ | १२१४ | १३८५ | १५६७ |
| घरजग्गा कारोबार, कूल राजस्व | (रु. करोड) | ३८३.५ | ६९२.५ | १०००.७ | १२७१.१ | १६५९ | २०८४ | २४७१ | २८८३ | ३३२२ | ३७७७ | ४२४९ |
| पूंजीगत लाभ कर प्रतिशत परिवर्तन (वार्षिक बिन्दुगत) | प्रतिशतमा | ३२.९ | १७.७ | ०.५ | ४.३ | १०.१ | १६.३ | १७.१ | १७.९ | १७.१ | १७.७ | १७.५ |
| कूल राजस्व (घरजग्गा कारोबार, प्रतिशत परिवर्तन (वार्षिक बिन्दुगत) | प्रतिशतमा | ३१.८ | १६.३ | -०.४ | ४.१ | १० | १४ | १४.१ | १४.२ | १३.८ | १४.३ | १३.६ |